प. सं. ०७६/७७

पु. च. नं. ........

च. नं. .............

## राष्ट्रिय सूचना आयोगमा नयाँ पदाधिकारीहरुले कार्यभार सम्हाले पश्चात (२०७६ पुस २४ देखी चैत ६ गते सम्म) सम्पादन गरेका मुख्य मुख्य कार्यहरुको विवरण

१. सूचनाको हकसम्बनधी व्यवस्था बमोजिम सार्वजनिक निकायहरुमा सूचना माग गर्दा सूचना प्राप्त गर्न नसके पछि प्राप्त पुनरावेदनका सम्बन्धमा १७ पटक इजलास बसी १४१ वटा विभिन्न आदेश जारी भएका छन् । जसमा:

- ७ दिनभित्र लिखित जवाफ पेश गर्नू भन्ने आदेश ७२ वटा,
- ७ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश ४२ वटा,
- ३ दिनभित्र सूचना उपलब्ध गराउनू भन्ने आदेश २ वटा,
- पुनरावेदक दामोदर दाहाल र विपक्षी नेपाल चार्टर्ड एकाण्टेन्ट संस्था, ललितपुरका सिए. सञ्जयकुमार सिन्हा भएको पुनरावेदन उपर कारबाही हुँदा दफा ३२ बमोजिम दण्ड जरिवाना रु. दश हजार जरिवाना गर्नू भन्ने आदेश १ वटा,
- सूचना उपलब्ध गराएकोले लगतकट्टा गर्नू भन्ने आदेश १९ वटा,
- तामेलीमा राख्नू भन्ने आदेश ३ वटा,
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) बमोजिम नोभल कोरोना भाइरसबाट बच्न आमनागरिकलाई उपयुक्त माध्यमहरूबाट व्यापकरुपमा तत्काल सूचना प्रवाह गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको नाममा आदेश जारी भएको,
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २८ बमोजिम सूचना संरक्षण गर्नू भनी त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालयको नाममा १ वटा आदेश जारी भए ।

२. यस अवधिमा ५ पटक आयोगको बैठक बसी देहायको निर्णय गरिएको छ:

- सूचनाको हकको सम्बर्द्धन, संरक्षण, प्रचलन र कार्यान्वयन सरल र सहजरुपमा प्रभावकारी ढंगबाट जनतालाई सुसूचित गर्न गराउन आयोगले सदा झैं सम्पूर्ण सार्वजनिक निकायहरुमा हार्दिक अनुरोध गरिएको ।
- राष्ट्रिय सूचना आयोगको प्रवक्तामा सूचना आयुक्त श्री कमला ओली थापालाई तोकिएको ।

प. सं. ०७६/७७

पु. च. नं. ........

च. नं. .............

- आयोगबाट नियमित प्रकाशित हुने RTI जर्नलको सम्पादन मण्डलको संयोजकमा सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीलाई तोकिएको ।
- राष्ट्रिय सूचना आयोगको इजलास संचालन निर्देशिका, २०७६ को मस्यौदा स्वीकृत भएको ।
- राष्ट्रिय सूचना आयोगबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नियमितरुपमा सूचना अद्यावधिक गरी नियमितरुपमा प्रकाशन गर्न, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ बमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र निकाय एवं मातहत निकायमा सूचना मागका लागि परेका निवेदन उपर भएको कारवाहीको विवरण छुट्टै अभिलेखमा अद्यावधिक गर्न भएको आदेश कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको अनुगमन गर्ने सम्बन्धमा केन्द्रीयस्तरका कार्यालयहरूको हकमा राष्ट्रिय सूचना आयोगबाट अनुगमन गर्ने तथा जिल्लास्तरीय कार्यालयहरूको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय र हुलाक कार्यालयलाई उक्त संस्थाहरूको अनुगमन गरी ३/३ महिनामा प्रगति विवरण पठाइदिन निर्देशन दिइएको ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले तोकेका विषयहरू बाहेकका विषयहरूमा संघीय संसदको राष्ट्रिय सभा र प्रतिनिधि सभाका समितिहरूबाट नयाँ निर्माण हुने तथा संशोधन हुने कानूनमा कुनै पनि प्रकारको गोपनीयता रहने प्रावधान हुने गरी कानून निर्माण नगराउने व्यवस्था हुन उक्त समितिहरूलाई अनुरोध गरिएको ।
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ३, ४, ५ र ६ बमोजिम गठन भएका केन्द्रीय समन्वय इकाई, कार्यान्वयन अनुगमन इकाई, प्रदेश अनुगमन इकाई र जिल्ला अनुगमन इकाईहरूबाट ऐ. निर्देशिकाको दफा ७ को उपदफा (१) र (२) बमोजिमको प्रगति विवरण माग गरिएको ।
- प्रत्येक गैरसरकारी संस्थाहरूमा सूचना अधिकारीहरू तोक्न गोरखापत्रमा सूचना प्रकाशित गरिएको ।
- आयोगका पदाधिकारीहरुको आचार संहिता पारित गरिएको ।
- आयोगद्वारा प्रत्येक बर्ष प्रदान गरिँदै आएको सूचनाको हकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने अभियन्तालाई प्रदान गरिने पुरस्कारलाई राष्ट्रिय सूचना आयोगका पहिलो प्रमुख सूचना आयुक्त स्व. विनयकुमार कसजूले सूचना आयोग तथा सूचनाको हकको प्रवर्द्धनमा उल्लेखनीय योगदान गरेकोले कदरस्वरुप उहाँको नाममा 'विनय कसजू पुरस्कार' नामाकरण गरिएको ।

प. सं. ०७६/७७

पु. च. नं. ........

च. नं. .............

- प्रदेश सरकार र प्रदेश सभालाई कानून निर्माण गर्दा कुनै पनि कागजात सूचनाको हकसम्बन्धी ऐनले तोकेको बिषयभन्दा बाहेकमा गोप्य हुने गरी कानून निर्माण नगर्न अनुरोध गरी पठाएको ।

३. यस अवधिमा आयोगका पदाधिकारीहरुले सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय सभामुखज्यू, सम्माननीय राष्ट्रिय सभाका अध्यक्षज्यूसँग औपचारिक भेट गरी सूचनाको हकसम्बन्धमा भएका कामका बारेमा जानकारी गराउनुका साथै थप योगदान गर्ने प्रतिबद्धताका बारेमा जानकारी गराएको थियो ।

४. बिभिन्न मन्त्रालय तथा निकायहरुका अधिकृतस्तरका महिला कर्मचारी तथा सूचना अधिकारीहरु सहभागितामा मिति २०७६ माघ २८ गते सूचनाको हकमा महिला सशक्तिकरण बिषयक कार्यक्रम आयोजना गरिएको । उक्त कार्यक्रममा १२० जनाको सहभागिता रहेको थियो ।

५. संखुवासभा जिल्ला स्थित कार्यालय प्रमुख तथा सूचना अधिकारीहरु बीच सूचनाको हकसम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम मिति २०७६ फागुन ८ गते खाँदवारीमा आयोजना गरिएको । कार्यक्रममा १०५ जनाको सहभागिता रहेको थियो ।